# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ७ संख्या : ३ मिति : ६ चैत्र, २०८० साल


**भाग- २**

## गौरीगञ्ज गाउँपालिकाको प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१२/५

## प्रस्तावनाः

गौरीगञ्ज गाउँपालिकाभित्र स्थायी बसोबास भई देशका विभिन्न प्राविधिक विद्यालय वा शिक्षालयमा अध्ययनरत तथा उच्चशिक्षा हासिल गरिरहेका जेहेन्दार, आर्थिक रुपले विपन्न, आदिवासी जनजाति, महिला, अल्पसंख्यक, लोपोन्मुख, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, सीमान्तकृत र अपाङ्गता भएका विद्यार्थीहरुलाई प्राविधिक, व्यावसायिक तथा उच्चशिक्षा प्राप्त गर्नको लागि आर्थिक रुपमा सहज होस् भन्ने उद्देश्यका साथ गौरीगञ्ज गाउँपालिकाले प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः १

## प्रारम्भिक

**१)** **संक्षिप्त नाम र प्रारम्भः** यो (१) कार्यविधिको नाम **"गौरीगञ्ज गाउँपालिका प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

२) यो कार्यविधि प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय र ती संस्थाहरुमा प्राविधिक विषयहरु तथा उच्चशिक्षा अध्ययन गर्ने गौरीगञ्ज गाउँपालिकामा स्थायी बसोबास भएका बिद्यार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ ।

३) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ

**४)** **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"विद्यालय वा शिक्षालय"** भन्नाले प्राविधिक विषय तथा उच्चशिक्षा अध्ययन अध्यापन हुने शैक्षिक संस्थालाई सम्झनुपर्छ ।

(ख) **"जेहेन्दार विद्यार्थी"** भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका गौरीगञ्ज गाउँपालिकाभित्र स्थायी बसोबास भएका विद्यार्थीमध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनुपर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले गौरीगञ्ज गाउँपालिका सम्झनुपर्छ ।

(घ) **"गाउँ कार्यपालिका"** भन्नाले गौरीगञ्ज गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ङ) **"प्राविधिक शिक्षा छात्रवृत्ति"** नेपाल सरकारले प्राविधिक धार भनी किटान गरेको प्राविधिक विषय अध्ययन गर्ने गौरीगञ्ज गाउँपालिकाभित्र स्थायी बसोबास भई विभिन्न विद्यालय वा शिक्षालयमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ ।

(च) **"समिति"** भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित प्राविधिक शिक्षा छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) **"शिक्षा, युवा तथा खेलकुद शाखा"** भन्नाले गौरीगञ्ज गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(ज) **"शिक्षा समिति"** भन्नाले गौरीगञ्ज गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(झ) **"अध्यक्ष"** भन्नाले गौरीगञ्ज गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ञ) "**उच्चशिक्षा** "भन्नाले स्नातक तह वा सो सरह र सो भन्दा माथिल्लो तहलाई जनाउँछ ।

## परिच्छेदः २
## छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

**५) प्राविधिक तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्ने तपसिल बमोजिमको एक समिति रहनेछः**

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिकाले तोकेको एक जना महिला सदस्य -सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव

**६) प्राविधिक तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिका काम कर्तव्य र अधिकारहरुः**

प्राविधिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिका काम कर्तव्य र अधिकारहरु तपसिल बमोजिम हुनेछन् :

(क) छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी र दीर्घकालीन बनाउन अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रम सम्बन्धमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) छात्रवृत्ति शीर्षकमा विनियोजित बजेटको विश्लेषण गरी छात्रवृत्ति प्रदान गरिने विषय, क्षेत्र र संख्या यकिन गरी छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको छनौट गर्ने,

(ग) छात्रवृत्ति कार्यक्रम संचालन गर्न विभिन्न निकायबीच आवश्यक समन्वय गर्ने ।

## परिच्छेदः ३
## छात्रवृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरु

**७) प्राविधिक विषय तथा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपसिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः**

(क) प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्नको लागि गाउँपालिकाले निवेदन फाराम भर्न आह्वान गरी अनुसूची- २ बमोजिमको आधारसहित सुचना प्रकाशन गर्ने ।

(ख) विद्यार्थीबाट प्राप्त निवेदन अनुसूची- २ बमोजिमको आधार बमोजिम हुने गरी छुट्टाछुट्टै दर्ता गर्ने ।

(ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने ।

(घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुको विवरण र प्रमाणित कागजातको आधारमा अनुसूचि- ३ अनुसारको ढाँचामा विद्यार्थीहरुलाई अंक प्रदान गर्ने ।
*(पुनश्च- अनुसूचि- ३ को मूलआधार (४) बमोजिम अंक प्रदान गर्दा विद्यार्थी अध्ययनरत् कक्षाभन्दा अघिल्लो कक्षाको अन्तिम परीक्षाको अंक वा ग्रेडलाई मूल्यांकनको आधार बनाइने छ)*

(ङ) प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम तयार गर्ने ।

(च) तयार गरिएको योग्यताक्रमानुसारको नामावली समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिको लागि विद्यार्थीको छनौट गर्ने ।

(छ) छात्रवृत्तिको लागि छनौट भएको सम्बन्धित विद्यार्थीको बैंक खातामा तोकिएको छात्रवृत्ति रकम उपलब्ध गराइने छ ।

८) **छात्रवृत्ति प्राप्त गर्नको लागि आवश्यक योग्यताः** देहायको योग्यता भएको विद्यार्थीले यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न सक्नेछ-:

(क) प्राविधिक विषय अन्तर्गतको कक्षा ११ वा सो सरहको शिक्षा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको,

(ख) उच्चशिक्षाको लागि कक्षा- १२ वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको,

(ग) गाउँपालिकाको स्थायी बासिन्दा भएको,

(घ) कुनै कानूनले अयोग्य नठहरिएको ।

९) **छात्रवृत्ति रद्द गरिने :** देहायको कुनै पनि अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिबमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ -:

(क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले झुठा विवरण पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पुरा नगरेमा वा अध्ययन बीचैमा छोडेमा वा अध्ययन पुरा नहुदै सम्बन्धित विद्यार्थीको मृत्यु भएमा,

(ग) अध्ययन अवधिमा सम्बन्धित विद्यार्थी फौज्दारी कसुरमा दोषी प्रमाणित भएमा ।

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण बारम्बार पालना नगरेको भनी सम्बन्धित शिक्षण संस्थाले लिखित जानकारी कार्यालयलाई दिएमा ।

(ङ) विद्यार्थीले छात्रवृत्ति पाएको विषय परिवर्तन गरेमा ।

(च) सम्बन्धित विषयमा सन्तोषजनक नतीजा नदेखिएमा।

**१०) जानकारी गराउनु पर्ने :** छात्रवृत्ति पाएको विद्यार्थीले आफ्नो अध्ययन पुरा गरी प्रमाण-पत्र प्राप्त गरेको मितिले एक महिनाभित्र अध्ययन पुरा गरेको प्रमाण-पत्रको प्रतिलिपिसहित अध्ययन पुरा गरेको लिखित जानकारी कार्यालयलाई गराउनु पर्नेछ ।

**११) छात्रवृत्ति रकम असुल उपर गरिने :**

(१) छात्रवृत्ति पाउने विद्यार्थीको दफा (९) बमोजिमको छात्रवृत्ति रद्ध भएमा दफा (१२) मा उल्लेखित कबुलियतनामाबमोजिम लाभग्राहीले प्राप्त गरेको छात्रवृत्तिको सम्पूर्ण रकम र सोमा कार्यपालिकाले तोकेको ब्याज रकमसमेत सरकारी बाँकीसरह सम्बन्धित विद्यार्थीका अभिभावकबाट असुलउपर गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको क्रममा गम्भीर बिरामी परेको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित विद्यार्थीको काबुबाहिरको परिस्थिति परी अध्ययन गर्न नसकेको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा वा लाभग्राहीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनुपर्ने रकम समितिको सिफारिसमा कार्यपालिकाले मिनाहा गर्न सक्नेछ ।

**१२) कवुलियतनामा सम्बन्धी व्यवस्थाः** यस कार्यविधिबमोजिम छनौट भई छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन गर्न जानुअघि कार्यालयसमक्ष अनुसूची (४) बमोजिमको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ ।

**१३) छात्रवृत्ति वापतको रकम भूक्तानीः** यस कार्यविधिबमोजिम छात्रवृत्तिको लागि छनौट भई दफा (१२) बमोजिम कबुलियतनामा गरेपछि स्वीकृत छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा एकै पटक वा किस्ताबन्दीमा भुक्तानी गरिने छ ।

**१४) छात्रवृत्तिको लागि पुनः छनौट सम्बन्धी व्यवस्था** : (१) छात्रवृत्तिमा छनौट भएको विद्यार्थीलाई दफा (९) बमोजिमको अवस्थामा बाहेक सम्बन्धित तहको अध्ययन अवधिभर अध्ययनरत शैक्षिक संस्था र वडा कार्यालयको सिफारिसको आधारमा छात्रवृत्तिलाई निरन्तरता दिइने छ ।

(२) छात्रवृत्तिमा छनौट भएको कुनै विद्यार्थीले आफ्नो अध्ययन बीचैमा छोडेमा वा कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा त्यस्ता विद्यार्थीलाई गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको लागि पुन: छनौट गरिने छैन ।

## परिच्छेदः ४
## विविध

**१५) अनुगमनः** विद्यार्थीलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे-नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ।

**१६) कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१७) प्रचलित कानून लागु हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागु हुनेछ ।

**१८) बचाउः** यसअघि भए-गरेको छात्रवृत्ति वितरण सम्बन्धी कार्य यसै कार्यविधिबमोजिम भएको मानिनेछ।

अनुसुची- १

(कार्यविधिको दफा ७ को उपदफा (क) सँग सम्बन्धित)

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज - झापा

**छात्रवृत्ति आवेदन फाराम**

१. विद्यार्थीको नाम. २. वर्ष/अध्ययनरत तह .

३.-स्थायी ठेगाना

४. लिङ्गः . ५. जन्ममितिः . ६. अपाङ्ग भएमा वर्ग खुलाउने .

७. जाति . क . क्षेत्री/ब्राहमण ख .आदिवासी जनजाति ग.दलित घ . मधेसी मुश्लिम पिछडावर्ग

८ . अध्ययनरत विद्यालय वा शिक्षालयको नामः

९. SLC/SEE उतिर्ण गरेको विद्यालय वा शिक्षालयको किसिम क. सामुदायिक ख . संस्थागत ग. गुठी घ. अन्य

१० सम्पर्क फोनः . ११. परिचय पत्र नम्बर र किसिम .

१२ .बाबुको नाम थरः १३. आमाको नाम . थर

१४.बाबु आमाको अवस्थाः क. दुवै भएको ख .बाबु भएको आमा नभएको ग. आमा भएको बाबु नभएको घ. दुवै नभएको ।

१५. अघिल्लो कक्षाको ग्रेड/श्रेणी (ग्रेड उल्लेख नभएको हकमा मात्रै)

१६. छात्रवृत्ति फाराम भरेको समूह (बढीमा २ वटा मात्रै)

१७. क. जेहेन्दार/खुल्ला ख. महिला. ग .आदिवासी जनजाति घ. दलित .

| | | |
|---|---|---|
| निवेदक | सिफारिस गर्ने | प्रमाणित गर्ने |
| सम्बन्धित | सम्बन्धित शिक्षण संस्थाको | |
| विद्यार्थीको | प्राचार्यको | शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुखको |

| | | |
|---|---|---|
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षर | हस्ताक्षरः |
| मितिः | मितिः | पदः |
| सम्पर्क नं. | सम्पर्क नं. | मितिः |
| विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको छाप | गाउँपालिकाले भर्ने | गाउँपालिकाको छाप |

फाराम दर्ता नं.

फाराम दर्ता मितिः

फाराम दर्ता गर्नेको नामः

फाराम दर्ता गर्नेको हस्ताक्षरः

**फाराम साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु (कागज अपुग भएमा फाराम दर्ता नहुने)**

१ . विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

२ . सम्बन्धित वडा कार्यालयको सिफारिस

३ . सम्बन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपि

४ . अपाङ्गताको लागि आधिकारिक निकायबाट प्रदान गरिएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

५ . आमा वा बाबु वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बाबु वा दुवै नभएको भनी प्रमाणित गरिएको सक्कलै सिफारीस पत्र

६ . आदिवासी जनजातिको लागि उक्त जाति हो भनेर आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि
(नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत नभएकाहरुका लागि मात्र )

७ . दलित समुदायको हकमा उक्त थर भएको व्यक्ति दलित समुदाय हो भनेर आधकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (राष्ट्रिय दलित आयोगमा सुचिकृत नभएकाहरुको लागि मात्र)

७ . अघिल्लो कक्षा उत्तीर्ण प्रमाण-पत्रको प्रतिलिपि

९ . अल्पसंख्यक लोपोन्मुख जातिको हकमा उक्त थर भएको व्यक्ति अल्पसंख्यक वा/ लोपोन्मुख जाति हो भनेर आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (नेपाल सरकारले सुचिकृत नगरेका जातिहरुका लागि मात्र)

## अनुसुची - २

(कार्यविधिको दफा ७ को उपदफा (ख) सँग सम्बन्धित)

**प्राविधिक तथा उच्चशिक्षा छात्रवृत्ति प्रदान गर्ने आधारहरु**

| क्र. सं. | छात्रवृत्ति प्रदान गर्ने वर्ग | संख्या | | रकम अधिकतम् | |
|---|---|---|---|---|---|
| | | प्राविधिक विषय | सामान्य विषय | प्राविधिक विषय | सामान्य विषय |
| १ | जेहेन्दार/खुल्ला | २ | २ | २५०००।- | १५०००।- |
| २ | महिला | २ | २ | | |
| ३ | आदिवासी जनजाती | ३ | ३ | | |
| ४ | दलित | २ | २ | | |
| ५ | अपाङ्गता | २ | २ | | |
| ६ | अल्पसंख्यक/लोपोन्मुख | १ | १ | | |
| ७ | मधेसी, मुश्लिम र पिछडावर्ग | २ | २ | | |
| | **जम्मा** | १४ | १४ | | |

*(माथि उल्लिखित छात्रवृत्ति रकम सम्बन्धमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू भएको शुरु वर्षमा सामान्य विषयतर्फ रु. १0,000.00 को दरले मात्र उपलब्ध गराइने छ ।)*

क्र.सं. २ देखि ७ सम्मका विद्यार्थीहरु आवश्यक संख्यामा छनौट हुन नसकेमा सो संख्या क्र.सं. १ मा रहेको समूहमा कायम गरी छनौट गरिने छ ।

# अनुसुची — ३

## प्राविधिक तथा उच्चशिक्षा छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थी छनौटको मूल्याङ्कन फाराम

(कार्यविधिको दफा ७ को उपदफा (घ) सँग सम्बन्धित)

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **SLC /SEE उतिर्ण विद्यालय** | २० | | |
| क | सामुदायिक | २० | | |
| ख | संस्थागत | १५ | | |
| ग | अन्य | १५ | | |
| **२** | **बाबु-आमाको अवस्था** | ३० | | |
| क | बाबु-आमा दुबै नभएको | ३० | | |
| ख | आमा भएको बाबु नभएको | २५ | | |
| ग | बाबु भएको आमा नभएको | २० | | |
| घ | बाबु-आमा दुवै भएको | १५ | | |
| **३** | **अघिल्लो कक्षाको ग्रेड/श्रेणी** | ४० | | |
| क | ३.६ वा सो भन्दा माथि/ विशिष्ट | ४० | | |
| ख | २.८ देखि ३.५९ सम्म/प्रथम | ३५ | | |
| ग | २.० देखि २.७९ सम्म/द्धितीय | ३० | | |
| घ | २.० भन्दा कम/तृतीय | २५ | | |
| **४** | **अपाङ्गताको श्रेणी** | १० | | |
| क | क | १० | | |
| ख | ख | ८ | | |
| ग | ग | ६ | | |
| घ | घ | ४ | | |
| | **जम्मा** | १०० | | |

अनुसूची -४
(कार्यविधिको दफा १२ सँग सम्बन्धित)

**गौरीगञ्ज गाउँपालिका वडा नं .. निवासी श्री.......................... ले गौरीगञ्ज गाउँपालिकासंग गरेको कबुलियतनामा ।**

झापा जिल्ला गौरीगञ्ज गाउँपालिका वडा नं.......निवासी श्री........................... को छोरापत्नी/छोरी/ वर्ष.......................................को श्री..........ले गौरीगञ्ज गाउँपालिकाको मिति २० । । गतेको निर्णयानुसार श्री ...........................(शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । अध्यापन गराउने) देखि सञ्चालन हुने.......................................................बिषय/विधातर्फको ...........................तह वा सो सरहको........................................ वर्षे शिक्षा अध्ययन कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाबाट उपलब्ध गराइने छात्रवृत्तिमा छनोट भएअनुसार उक्त कार्यक्रममा सहभागी हुन जान लागेकोले मैले गौरीगञ्ज गाउँपालिकाको प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० को दफा १२ बमोजिम यो कबुलियतनामा गरेको छु।

क) उल्लिखित अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री........................................... (शिक्षण संस्थाको नाम र ठेगानामा) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति नियमको पूर्णरुपमा / पालना गर्नेछु ।

ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि गौरीगञ्ज गाउँपालिकाको प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० को पूर्णरुपमा पालना गर्नेछु ।

ग) अध्ययन कार्यक्रम सम्पन्न भएपश्चात गाउँ कार्यपालिकाले आवश्यक ठानेको विषय वा विधामा कम्तिमा (६) छ महिना गौरीगञ्ज गाउँपालिकामा रही अनिवार्य निशुल्क सेवा गर्नेछु ।

घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा अध्ययन छोड्ने छुइँन । मैले यसअघि कुनै पनि सरकारी निकायबाट यही विषयमा छात्रवृत्ति सुविधासमेत लिएको छैन । अध्ययन पूरा गरेपश्चात

गाउँपालिकाले खटाएको काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छुइँन ।

ङ) माथि उल्लेखित व्यवस्था एवं स्वीकृत कार्यविधिमा उल्लेख भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा गौरीगञ्ज गाउँपालिकाबाट मेरो लागि प्रदान गरिएको छात्रवृत्ति रकम र सोमा गाउँपालिकाले निर्धारण गरेबमोजिमको व्याज समेत म र मेरो अविभावकको जायजेथाबाट सरकारी बाँकीसरह असूलउपर गर्नका लागि मञ्जुर छु ।

कबुलियतनामा गराउने अधिकारीको
नाम, थर श्री :...............................
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालय :गौरीगञ्ज गाउँ कार्यपालिकाको कार्यालय
मिति :
दस्तखत :

कबुलियतनामा गर्ने ब्यक्तिको
नाम, थर श्री :...............
ठेगानाः
मिति :
दस्तखत :

रोहवरमा बस्नेको,
नाम, थर :
दस्तखत :
ठेगाना :
मिति :

रोहवरमा बस्ने अभिभावकको,
नाम, थर :
दस्तखत :
ठेगाना :
मिति :

आज्ञाले,
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत